वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३

वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८३ को दफा १९ को उपदफा (४) बमोजिम वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि नेपाल सरकारलाई सिफारिस गर्न ऐनको दफा १९ को उपदफा (३) बमोजिम लोक सेवा आयोगको अध्यक्षको संयोजकत्वमा गठित सिफारिस समितिले नेपाल सरकार समक्ष वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न सोही ऐनको दफा १९ को उपदफा (५) अनुसार यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा;-

(क) "ऐन" भन्नाले वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८३ सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले "वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३" सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले ऐनको दफा (६) बमोजिमको स्थापित वैकल्पिक विकास वित्त कोष सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले समितिको बैठकबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कोषको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनु पर्छ ।

(ज) "रणनीतिक छलफल" भन्नाले कोषको दीर्घकालीन विकास, वैकल्पिक वित्त परिचालन, लगानी, परियोजना विश्लेषण, जोखिम व्यवस्थापन, संस्थागत विकास तथा नेतृत्व सम्बन्धी विषयमा उम्मेदवारसँग गरिने छलफल सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले ऐनको दफा १९ को उपदफा (३) बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

(ञ) "संयोजक" भन्नाले ऐनको दफा १९ को उपदफा (३) बमोजिमको सिफारिस समितिको संयोजक सम्झनु पर्छ ।

३. **<u>बैठक र निर्णय प्रक्रिया</u>:** समितिको बैठक र निर्णय प्रक्रिया देहाय बमोजिम हुनेछ;-

(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ । सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षरबाट प्रमाणित भएको हुनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **<u>नियुक्तिका लागि सिफारिस गर्न अवलम्बन गर्ने प्रक्रिया</u>:** (१) समितिले प्रतिष्पर्धाका आधारमा देहाय बमोजिमको छनौट प्रक्रिया अवलम्बन गरी प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिका लागि नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(क) सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको विवरण सहितको दरखास्त माग गर्ने,

(ख) प्राप्त दरखास्तको परीक्षण गरी स्वीकृत भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,

(ग) दरखास्त स्वीकृत भएका उम्मेदवारको व्यावसायिक रणनीति तथा कार्ययोजनाको परीक्षण गर्ने/गराउने,

(घ) १० जनामा नबढ्ने गरी उम्मेदवारको संक्षिप्त सूची (Short List) प्रकाशन गर्ने,

(ङ) संक्षिप्त सूचीमा परेका उम्मेदवारलाई व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुतीकरण गर्न लगाउने एवम् सो उपर रणनीतिको छलफल गर्ने,

(च) अन्तर्वार्ता लिने ।

(२) उम्मेदवारको शैक्षिक योग्यता, व्यवस्थापकीय अनुभव, वैकल्पिक वित्त परिचालन तथा परियोजना विश्लेषण सम्बन्धी अनुभव, व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन, व्यावसायिक रणनीति तथा कार्ययोजना उपर रणनीतिक छलफल र अन्तर्वार्तामा प्राप्त सबै अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम योग्यताक्रमका आधारमा नियुक्तिका लागि नेपाल सरकारमा सिफारिस गर्नेछ ।

५. **<u>उम्मेद्वारको योग्यता</u>:** प्रमुख कार्यकारी अधिकृत पदको लागि दरखास्त पेश गर्न देहायको योग्यता भएको हुनु पर्नेछ;-

(क) नेपाली नागरिक वा विदेशी नागरिक वा विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको व्यक्ति,

(ख) पैंतिस वर्ष उमेर पूरा भएको र पैंसट्ठी वर्ष उमेर पूरा नभएको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त विश्लेषण, अर्थशास्त्र, व्यवस्थापन वा वाणिज्यशास्त्र, सार्वजनिक विकास प्रशासन, वाणिज्य कानून वा इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(घ) पूर्वाधार संरचना, आयोजना निर्माण तथा विकास, सार्वजनिक–निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैङ्किङ, वित्तीय क्षेत्र, औद्योगिक व्यवस्थापन वा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्र वा संस्थामा कम्तीमा दश वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको,

(ङ) कोषसँग स्वार्थको द्वन्द्व नभएको,

(च) उच्च नैतिक चरित्र कायम गरेको,

(छ) कार्यविधिको दफा (६) बमोजिम अयोग्यता नभएको ।

६. <u>प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति हुनका लागि अयोग्यता</u>: ऐनको दफा २० को (२) र प्रचलित कानून बमोजिम वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति हुनका लागि देहायको अयोग्यता नभएको हुनुपर्नेछ;

(क) कार्यविधिको दफा (५) बमोजिमको योग्यता नभएको,

(ख) भ्रष्टाचार, चोरी, मानव बेचविखन वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, सङ्गठित अपराध, जबरजस्ती करणी, कीर्ते तथा जालसाजी जस्ता नैतिक पतन देखिने कुनै फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको वा त्यस्तो कालो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्षको अवधि पुरा नभएको,

(घ) दामासाहीमा परेको,

(ङ) मानसिक सन्तुलन ठीक नभएको ।

७. <u>दरखास्त माग गर्ने</u>: (१) समितिले प्रमुख कार्यकारी अधिकृत पदको लागि योग्य उम्मेदवारको दरखास्त आव्हान गर्न १४ (चौध) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गरिनेछ ।

(३) उम्मेदवारले दरखास्तसाथ देहायका विवरणहरु खुल्ने स्वयम् प्रमाणित कागजातहरु समावेश गर्नु पर्नेछः-

(क) कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त विश्लेषण, अर्थशास्त्र, व्यवस्थापन वा वाणिज्यशास्त्र, सार्वजनिक विकास प्रशासन, वाणिज्य कानून वा इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ग) पूर्वाधार संरचना, आयोजना निर्माण तथा विकास, सार्वजनिक–निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैङ्किङ, वित्तीय क्षेत्र, औद्योगिक व्यवस्थापन वा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्र वा संस्थामा कम्तीमा दश वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको,

(घ) वैकल्पिक वित्त परिचालन वा आयोजना विश्लेषणको क्षेत्रमा अनुभव हासिल गरेको भए सोको प्रमाण,

(ङ) दरखास्त दिने अन्तिम मितिसम्म पैतीस वर्ष पुरा भई पैसट्ठी बर्ष उमेर ननाघेको बेहोरा खुलेको प्रमाण,

(च) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(छ) कार्यविधिको अनुसूची-२ बमोजिमको स्वःघोषणा ।

८. **व्यावसायिक रणनीति तथा कार्ययोजना पेश गर्नुपर्ने:** (१) उम्मेदवारले व्यावसायिक रणनीति तथा कार्ययोजना देहायका बुँदाहरुमा आधारित रही तयार गरी पेश गर्नु पर्नेछ;-

(क) नेपालमा लगानी तथा पूर्वाधारमा लगानीको अवस्थाको विश्लेषण,

(ख) वैकल्पिक विकास वित्तको दृष्टिकोण तथा अन्तर्राष्ट्रिय परिदृश्य,

(ग) वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८३ को विश्लेषण, यसको सबल पक्ष, कार्यान्वयनका चुनौती र सोको व्यवस्थापनको लागि धारणा,

(घ) वैकल्पिक विकास वित्त परिचालन कोषको रणनीतिक दिशा,

(ङ) वैकल्पिक विकास वित्त परिचालन कोषको चार वर्षको व्यवसायिक कार्ययोजना,

(च) संस्थागत सुशासन तथा संगठनात्मक क्षमता विकास,

(छ) कार्य योजना कार्यान्वयनका चरणहरु, कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरु।

(२) उल्लिखित व्यावसायिक रणनीति तथा कार्ययोजना यस कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहित नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरी तीन प्रति पेश गर्नु पर्नेछ ।

(३) पेश गरेको व्यावसायिक रणनीति तथा कार्ययोजनाको तीन प्रतिमध्ये कुनै एकप्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरी छुट्टै खाममा शिलबन्दी गर्नुपर्नेछ । सो बाहेक अन्य दुई प्रतिको कुनै पनि पृष्ठमा कहींकतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरी छुट्टै खामभित्र राखी शिलबन्दी गर्नु पर्नेछ र दुवै सिलबन्दी गरिएको खामलाई अर्को ठुलो खामभित्र राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(४) व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

९. **<u>छनौट विधि</u>:** समितिले योग्य उम्मेदवार छनौट गर्न दरखास्तसाथ प्राप्त कागजात विवरण छानबिन गरी देहायका विधिहरु अवलम्बन गर्नेछ;-

(क) शैक्षिक योग्यताको मूल्याङ्कन,

(ख) व्यवस्थापकीय अनुभवको मूल्याङ्कन,

(ग) वैकल्पिक वित्त परिचालन तथा परियोजना विश्लेषणसम्बन्धी अनुभवको मूल्याङ्कन,

(घ) व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन,

(ङ) व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुती तथा सो उपर रणनीतिक छलफल,

(च) अन्तर्वार्ता ।

१०. **<u>मूल्याङ्कनका आधारहरु</u>:** (१) उम्मेदवारको मूल्याङ्कन देहायका आधारमा गरिने छ:-

क. <u>शैक्षिक योग्यता</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त विश्लेषण, अर्थशास्त्र, व्यवस्थापन वा वाणिज्यशास्त्र, सार्वजनिक विकास प्रशासन, वाणिज्य कानून वा इञ्जिनियरिङ विषयमा स्नातकोत्तर तह उत्तीर्ण	५ अङ्क
ख. <u>व्यवस्थापकीय अनुभव</u> (अ) पूर्वाधार संरचना, आयोजना निर्माण तथा विकास, सार्वजनिक–निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैङ्किङ, वित्तीय क्षेत्र, औद्योगिक	१५ अङ्क

व्यवस्थापन वा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्र वा संस्थामा व्यवस्थापकको भूमिकामा रही न्यूनतम दश वर्ष काम गरेको अनुभव बापत- दश (१०) अङ्क (आ) दश वर्ष भन्दा माथि पन्ध्र वर्षसम्मका लागि – प्रतिवर्ष एक अङ्कका दरले अधिकतम - ५ (पाँच) अङ्क (इ) दश वर्ष भन्दा कम अवधिको अनुभको लागि अङ्क प्रदान गरिने छैन ।	
ग. <u>वैकल्पिक वित्त परिचालन तथा परियोजना विश्लेषण सम्बन्धी अनुभव वापत</u> (अ) वैकल्पिक वित्त परिचालन सम्बन्धी अनुभव वापत प्रति वर्ष १.२५ (एक दशमलब दुई पाँच) का दरले अधिकतम २.५ (दुई दशमलब पाँच) अङ्क (आ) परियोजना विश्लेषण/लगानी मूल्याङ्कनसम्बन्धी अनुभव वापत प्रति वर्ष १.२५ (एक दशमलब दुई पाँच) का दरले अधिकतम २.५ (दुई दशमलब पाँच) अङ्क (इ) तीन महिना भन्दा कम अवधिको अनुभव वापतको अङ्क प्रदान गरिने छैन ।	५ अङ्क
घ. <u>व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन</u> (अ) नेपालमा लगानी तथा पूर्वाधारमा लगानीको अवस्थाको विश्लेषण वापत - ३ (तीन) अङ्क (आ) वैकल्पिक विकास वित्तको दृष्टिकोण तथा अन्तराष्ट्रिय परिदृश्य- ३ (तीन) अङ्क (इ) वैकल्पिक विकास वित्त परिचालन ऐनको विश्लेषण, सबल पक्ष, चुनौतीहरु र सोको व्यवस्थापनको लागि धारणा – ४ (चार) अङ्क (ई) वैकल्पिक विकास वित्त परिचालन कोषको लागि उम्मेदवारले प्रस्ताव गरेको रणनीतिक दिशा- ८ (आठ) अङ्क (उ) संस्थागत सुशासन तथा संगठनात्मक क्षमता विकासको कार्य योजना कार्यान्वयनका चरणहरु, कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरु सहितको कोषको चार बर्षको व्यवसायिक कार्ययोजना – १२ (बाह्र) अङ्क	३० अङ्क
ङ. व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुती तथा सो उपर रणनीतिक छलफल (अ) व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुतीकरण – १० (दश) अङ्क	२५ अङ्क

(आ) लगानी, वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी समस्या, विश्लेषण तथा समाधान क्षमता – १०(दश) अङ्क (इ) समन्वय तथा वार्ताकौशल – ५ (पाँच) अङ्क	
च. अन्तर्वार्ता (अ) वैकल्पिक विकास वित्त र परियोजना व्यवस्थापन सम्बन्धी ज्ञान – ७ (सात) अङ्क (आ) नेतृत्व क्षमता तथा व्यवस्थापकीय कौशल - ५ (पाँच) अङ्क (इ) सञ्चार तथा समन्वय क्षमता - ५ (पाँच) अङ्क (ई) नैतिकता तथा निष्ठा - ३ (तीन) अङ्क	२० अङ्क
जम्मा (एक सय मात्र)	**१०० अङ्क**

(२) व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण र अन्तर्वार्तामा अधिकतम ७०% भन्दा बढी र न्यूनतम ४०% भन्दा कम अङ्क दिंदा पुष्ट्याई दिनुपर्नेछ । प्रस्तुतीकरण तथा अन्तर्वार्ता समितिका बहुमत सदस्यले कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ४०% भन्दा कम अङ्क प्रदान गरेकोमा मात्र त्यस्तो अङ्क गणना गरिनेछ। बहुमत सदस्यले त्यसरी अङ्क प्रदान नगरेकोमा ७०% भन्दा बढी अङ्कलाई ७०% र ४०% भन्दा कम अङ्कलाई ४०% कायम गरिनेछ।

(३) व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुती तथा सो उपर रणनीतिक छलफल का लागि ४० मिनेटको समय दिइनेछ । यस मध्ये २० मिनेट प्रस्तुतीकरण र २० मिनेट रणनीतिक छलफलको समय हुनेछ ।

(४) व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुती तथा सो उपर रणनीतिक छलफल र अन्तर्वार्ता वापतको अङ्क प्रस्तुतीकरण र अन्तर्वार्ता समितिका संयोजक तथा सदस्यहरु (विज्ञ सदस्य समेत) ले छुट्टाछुट्टै फाराममा अङ्क दिई औषत हिसाब गरी प्राप्ताङ्क कायम गरिनेछ ।

११. **<u>व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन</u>:** व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन यस कार्यविधि बमोजिम हुनेछ ।

१२. **<u>संक्षिप्त सूची प्रकाशन गर्ने</u>:** (१) प्रमुख कार्यकारी अधिकृत पदमा तोकिएको समयभित्र पेश हुन आएका दरखास्तको आधारमा कार्यविधिको दफा १० को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको मूल्याङ्नमा प्राप्त गरेको अङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा दश जना उम्मेदवारको वर्णानुक्रमानुसारको संक्षिप्त सूचि (Short List) व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुती तथा सो उपर रणनीतिक छलफल र अन्तर्वार्ताका लागि प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दश जना भन्दा कम उम्मेदवारको आवेदन परेमा उपदफा (१) बमोजिमको संक्षिप्त सूची (Short List) प्रकाशन गरिने छैन ।

१३. **<u>नियुक्तिका लागि सिफारिस</u>:** (१) समितिले उम्मेदवारको शैक्षिक योग्यता बापतको अङ्क, व्यवस्थापकीय अनुभव वापतको अङ्क, वैकल्पिक वित्त परिचालन तथा परियोजना विश्लेषणसम्बन्धी अनुभव बापतको अङ्क, व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन बापतको अङ्क तथा व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुती तथा सो उपर रणनीतिक छलफल र अन्तर्वार्ताको औषत अङ्क जोड्दा प्राप्त गर्ने उम्मेदवार मध्ये योग्यताक्रम अनुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जनाको नाम नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम सिफारिस गर्ने कार्य लोक सेवा आयोगको स्थापित विधि र प्रक्रिया बमोजिम हुनेछ ।

१४. **<u>विषय विज्ञ वा दक्षको सहयोग लिन सक्ने</u>:** (१) समितिले दरखास्तको स्वीकृति सम्बन्धी कार्य, व्यावसायिक रणनीति तथा कार्ययोजनाको मूल्याङ्कन र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि आवश्यकता अनुसार विषय विज्ञ वा दक्षको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि समितिले विषय विज्ञ वा दक्षको सूची तयार गर्नेछ ।

(३) समितिले तयार गरेको विषय विज्ञ वा दक्षको सूचीबाट संयोजकले विषय विज्ञ वा दक्षको मनोनयन गर्नेछ ।

१५. **<u>दरखास्त रद्द वा पुन: आव्हान गर्न सक्ने</u>:** (१) प्रमुख कार्यकारी अधिकृत पदमा पाँच जना भन्दा कम संख्यामा दरखास्त परेमा समितिले ७ (सात) दिनको म्याद दिई पुनः दरखास्त आव्हान गर्नेछ । यसरी पुन: दरखास्त आव्हान गर्दा समेत पाँच भन्दा कम संख्यामा दरखास्त परे पनि प्राप्त दरखास्तको आधारमा समितिले प्रक्रिया अघि बढाउनेछ ।

(२) प्राप्त दरखास्तमध्ये रीत नपुगी आएका तथा गलत वा झुट्ठा कागजपत्र पेश गरेको उम्मेदवारको दरखास्त समितिले जुनसुकै चरणमा रद्द गर्न सक्नेछ ।

१६. **<u>खर्चसम्बन्धी व्यवस्था</u>:** समितिको बैठक तथा छनोट सम्बन्धी व्यवस्थापकीय खर्च वैकल्पिक विकास वित्त कोषले नियमानुसार व्यवस्था गर्नेछ ।

१७. **<u>सचिवालय</u>:** (१) समितिको सचिवालय अर्थ मन्त्रालयमा रहनेछ ।

(२) समितिका लागि आवश्यक कर्मचारी सचिवालयले व्यवस्था गर्नेछ ।

१८. **<u>कागजपत्रको संरक्षण:</u>** (१) समितिले सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी सम्पूर्ण कागजातहरू सचिवालयमा सुरक्षित राख्नु पर्नेछ ।

(२) समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछन् ।

१९. **<u>कार्यविधिमा हेरफेर:</u>** समितिले कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२०. **<u>बाधा अड्काउ फुकाउ:</u>** कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा समितिको निर्णय बमोजिम हुनेछ ।

अनुसूची –१
दरखास्तको लागि आवेदनको ढाँचा
(दफा ७ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

मितिः. .....

श्रीमान् संयोजकज्यू,

वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस समिति ।

विषय: <u>दरखास्तका लागि आवेदन पेश गरेको सम्बन्धमा</u> ।

महोदय,

वैकल्पिक विकास वित्त परिचालन कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस समितिबाट मिति ..... मा प्रकाशित सूचनाबमोजिम देहायका विवरण संलग्न गरी दरखास्तका लागि आवेदन पेश गरेको छु;

उम्मेदवारको नाम, थरः

जन्म मितिः

आमाको नाम, थर:

बाबुको नाम, थरः

स्थायी ठेगानाः

प्रदेश: जिल्लाः

गाउँपालिका/नगरपालिकाः वडा नम्बर:

मोबाइल नंः

ईमेल ठेगाना:

शैक्षिक योग्यता सम्बन्धी विवरण

तह	शैक्षिक योग्यता	मुख्य विषय	शिक्षण संस्था	उत्तीर्ण वर्ष

व्यवस्थापकीय अनुभव सम्बन्धी विवरण

संस्था/निकायको नाम, ठेगाना	पद	श्रेणी वा सो सरह	कार्यरत अवधि		मुख्य जिम्मेवारी
			देखि	सम्म	
जम्मा कार्य अवधि वर्ष					

वैकल्पिक वित्त परिचालन/परियोजना विश्लेषण सम्बन्धी अनुभव :

संस्था/निकायको नाम, ठेगाना	पद	श्रेणी वा सो सरह	कार्यरत अवधि		मुख्य जिम्मेवारी
			देखि	सम्म	
जम्मा कार्य अवधि वर्ष					

अन्य व्यावसायिक अनुभव :

संस्था/निकायको नाम, ठेगाना	पद	श्रेणी वा सो सरह	कार्यरत अवधि		मुख्य जिम्मेवारी
			देखि	सम्म	
जम्मा कार्य अवधि वर्ष					

पेश गरिएका कागजातको विवरण :

१. .....

२. .....

३. .....

४. .....

माथि उल्लिखित विवरण ठीक साँचो छ । झुठ्ठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

उम्मेदवारको दस्तखत:

ल्याप्चे सहीछाप

मिति:

दायाँ	बाँया

अनुसूची-२
उम्मेदवारको स्व-घोषणा
(दफा ७ को उपदफा (३) को खण्ड (ज) सँग सम्बन्धित)

विषय :स्वःघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु;

		छ	छैन
(क)	भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,	☐	☐
(ख)	बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको,	☐	☐
(ग)	दरखास्त पेश गर्दाका बखत कुनै राजनीतिक दलको सदस्य भएको,	☐	☐
(घ)	वैकल्पिक विकास वित्त परिचालन कोषसँग कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको ।	☐	☐

माथि उल्लेख गरिएका विवरण ठीक साँचो हो भनी स्व:घोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला ।

उम्मेदवारको

हस्ताक्षर:.....

नाम, थर-: .....

ठेगाना-: .....

सम्पर्क नम्बर:.....

अनुसूची-३

व्यावसायिक रणनीति तथा कार्ययोजनाको पहिलो पृष्ठ

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

प्रथम संकेत नं:

दोस्रो संकेत नं:

दोस्रो संकेत नं:

प्रथम संकेत नं:

उम्मेदवारको नाम, थर:

आमाको नाम, थर:

बाबुको नाम, थर:

ठेगाना:

व्यावसायिक रणनीति तथा कार्ययोजना पेश

गरेको पद: प्रमुख कार्यकारी अधिकृत

दस्तखत: